जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १९७ २०८२ साल फागुन २६ गते मंगलबार (10 Mar2026 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : यी हुन्, पैतीस वर्षमुनिका ... ३ पृष्ठमा : 'म्यागासेसे' प्राप्त महावीरको ... ३ पृष्ठमा : मध्यपूर्व युद्धका कारण ...

# सप्तरीमा १ सय २ मध्ये ८९ उम्मेदवारको जमानत जफत
# १३ जना उम्मेदवारले मात्र जमानत जोगाउन सफल


**पुष्पा चौधरी**
रास्वपा, **निर्वाचित**, क्षेत्र नं. १


**सुमित साह**
स्वाभिमान पार्टी, क्षेत्र नं. १


**सुमनराज प्याकुरेल**
नेकपा एमाले, क्षेत्र नं. १


**रामजी यादव**
रास्वपा, **निर्वाचित**, क्षेत्र नं. २


**उमेश कुमार यादव**
जसपा नेपाल, क्षेत्र नं. २


**डा. सीके राउत**
जनमत पार्टी, क्षेत्र नं. २


**अमरकान्त चौधरी**
रास्वपा, **निर्वाचित**, क्षेत्र नं. ३


**उपेन्द्र यादव**
जसपा नेपाल, क्षेत्र नं. ३


**दिनेश यादव**
नेपाली काँग्रेस, क्षेत्र नं. ३


**ताराकान्त चौधरी**
नेकपा एमाले, क्षेत्र नं. ३


**सीताराम साह**
रास्वपा, **निर्वाचित**, क्षेत्र नं. ४


**तेजुलाल चौधरी**
नेपाली काँग्रेस, क्षेत्र नं. ४


**बबि सिंह यादव**
जसपा नेपाल, क्षेत्र नं. ४

**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**
सप्तरीमा प्रतिनीधीसभा सदस्य पदका १ सय २ उम्मेदवार मध्ये ८९ जना उम्मेदवारको जमानत जफत भएको छ ।

जिल्लाका चार वटै क्षेत्रका गरी ८९ उम्मेदवारको जमानत जफत भएको हो भने १३ जनाले मात्रै जमानत जोगाएका छन । जिल्लाको ४ वटै क्षेत्रमा रास्वपाका उम्मेदवार भारी मतले विजयी भएका छन ।

क्षेत्र नं. १ मा रास्वपा, स्वभिमान र एमाले बाहेक सबै १८ जना उम्मेदवारको जमानत जफत भएको छ । यस क्षेत्रबाट उम्मेदवार रहेका नेपाली काँग्रेस सप्तरीका सभापति रामदेव साह चौथो तथा जनमत पार्टीका नेता डा. जयकान्त राउत पाचौं स्थानमा रहदा उनीहरुको समेत जमानत जफत भएको छ ।

क्षेत्र नं. २ मा रास्वपा, जसपा नेपाल र जनमत बाहेक सबै ३१ जना उम्मेदवारको जमानत जफत भएको छ । यस क्षेत्रबाट उम्मेदवार रहेका नेपाली काँग्रेस सप्तरीका उपसभापति रामकुमार यादवको पनि जमानत जफत भएको छ ।

यस्तै क्षेत्र नं. ३ मा रास्वपा, जसपा नेपाल, काँग्रेस र एमाले बाहेक सबै १८ जना उम्मेदवारले जमानत गुमाएका छन ।

यसैगरि क्षेत्र नं. ४ मा रास्वपा, काँग्रेस र जसपा नेपाल बाहेक सबै २२ जना उम्मेदवारको जमानत जफत भएको छ ।


निर्वाचन निर्देशिका अनुसार कुल सदर मतको १० प्रतिशत ल्याएको उम्मेदवारको जमानत मात्रै जोगिने व्यवस्था छ । जिल्लाको चार वटै क्षेत्रमा खसेको मध्ये कुल २ लाख ९१ हजार १ सय ७७ मत सदर भएको थियो । त्यसको १० प्रतिशत मत ल्याउन नसक्दा ८९ जनाले जमानत गुमाएका हुन ।

जिल्लामा तीन वटा राजनीतिक दलका अध्यक्ष, एक महामन्त्री, एक पूर्वमुख्यमन्त्री र तीन पूर्वमन्त्रीलाई नराम्ररी पराजयको पीडा भोग्नु परेको छ ।

यसरी पराजय भोग्नेहरुमा सप्तरीको क्षेत्र नं २ बाट उम्मेदवार रहेका जनमतका अध्यक्ष डा. सिके राउत, जनाधिकार पार्टीका अध्यक्ष डा.शरद सिह यादव, नेपाल जनता पार्टीका महामन्त्री रन्जु ठाकुर, मधेश प्रदेशका पूर्व मुख्यमन्त्री सतिश कुमार सिंह, पूर्वमन्त्री उमेश प्रसाद यादव, पूर्वमन्त्री अनिस अन्सारी छन ।

यस्तै क्षेत्र नं ३ मा उम्मेदवार रहेका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव तथा क्षेत्र नं. ४ मा काँग्रेस उम्मेदवार एवं पूर्वमन्त्री तेजुलाल चौधरी पनि फराकिलो मतान्तरले पराजित भएका छन ।

## अस्पतालमा आगलागी, लाखौं मुल्य बराबरको स्वास्थ्य उपकरण जले





**दैनिक समाचारदाता राजविराज, २५ फागुन ।**
राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा सोमबार बिहान ११ बजेतिर विद्युत सर्ट भई आगलागी भएको छ । सो आगलागिमा लाखौं मुल्य बराबरको स्वास्थ्य उपकरण तथा अन्य सामानहरु जलेर नष्ट भएको छ ।

अस्पतालको डेन्टल ओपिडी वार्डबाट सुरु भएको आगलागी तत्काल नियन्त्रणको उपाय हुन नसक्दा छेउमै रहेको रेकर्ड कोठामा समेत फैलिएको थियो । आगलागीबाट डेन्टल र रेकर्ड विभागमा रहेको करिब २४ लाख मुल्य बराबरको सरसामान जलेर नष्ट भएको प्रहरीले जनाएको छ । आगो विद्युतीय गतिमा फैलिएपछि विरामी र आफन्तमा भागाभाग मच्चिएको थियो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अवधेश मिश्राका अनुसार उक्त दुवै विभागका गरी ३ वडा डेन्टल मेशिन, २ वटा कम्प्रेसर मेशिन, ३ वटा डेन्टल चेयर, १ वटा फ्रिज, ७ वटा पंखा, टेबुल, कुर्सी र अन्य उपकरण गरी २४ लाख बराबरको सम्पति जलेर खरानी भएको छ ।

घट्नाको खवर पाए लगत्तै नेपाली सेना बरख गणको दमकल तथा मधेस प्रदेश प्रहरी तालिम केन्द्र राजविराजबाट आएको दमकलको सहयोगमा नेपाली सेना र नेपाल प्रहरीको संयुक्त टोलीले बिहान ११:५० बजेतिर आगो नियन्त्रणमा लिएको थियो ।

**तनाव व्यवस्थापनमा परिवारको भूमिका**

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहान गरौं।
- सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं।
- घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं।
- साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं।

आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

